# ECHO OF HIS CALL

# बोलावटको प्रतिध्वनि

NEPALI

ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE

REACHING NATIONS

*India's National Spiritual Newspaper*

₹ 10/-

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ

16 Languages

Associate Editors : Bro. BHUVAN DEVKODA
Bro. RAJ KUMAR BHANDARI

Vol. XXIV | YEAR OF OUR LORD JESUS CHRIST, 2024 NOVEMBER | No. 11


## पवित्र बाइबल

कृपया यो खण्ड कण्ठ गर्नुहोस्।

### हितोपदेश २६:१-१०

१. ग्रीष्म ऋतुमा हिउँ वा फसलको बेला झरी परेझैं मूर्खलाई सम्मान दिनु सहाउँदैन ।

२. भुरै उड्ने भँगेरो र हानिएर जाने गौंथलीझैं विनाकारणको श्राप पनि लाग्दैन ।

३. घोडाको लागि कोर्रा, गधाको लागि करेली र मूर्खहरूका पिठिउँको लागि लठ्ठी ।

४. मूर्खलाई त्यसको मूर्खताअनुसारको जवाफ नदे, नत्रता तँ आफैं पनि त्योजस्तै हुनेछस् ।

५. मूर्खलाई त्यसको मूर्खताअनुसारको जवाफ दे, नत्रता त्यो आफ्नै नजरमा बुद्धिमान् हुनेछ ।

६. आफ्नै खुट्टामा बन्चरो हानेझैं अथवा हिंसा पिएझैं मूर्खको हातमा समाचार पठाउनु हो ।

७. लङ्गडो मानिसका झुण्डिएका लुला गोडाहरूझैं मूर्खी मुखमा भएको हितोपदेश हुन्छ ।

८. मूर्खलाई सम्मान दिनु घुयैंत्रोमा ढुङ्गा बाँध्नुझैं हो ।

९. मतवालाको हातमा काँढे बिरुवा भएझैं मूर्खको मुखमा भएको हितोपदेश हो ।

१०. मूर्ख वा कुनै बटुवालाई ज्यालामा काम लगाउनू धनुर्धारीले जथाभावी काँड हानेर चोटैचोट पार्नुझैं हो ।

## एक अर्काको बोझ बोक्ने


सम्माननीय प्रधानसम्पादक,
रेभ. एन्जलीन सेल्भाकुमारी


**BEAR EACH OTHER'S BURDEN!** (Galatians 6:2)



हाम्रो प्रभु र मुक्तिदाता, येशू ख्रीष्टको नाउँमा सबैलाई अभिवादन, जसको प्रेम सीमारहित, शर्तहीन र विवादरहित छ । परमेश्वरको अनुग्रह र निगाहको निम्ति हामी उहाँलाई धन्यवाद चढाउँछौं, जसले २०२४ को पहिलो दश महिना हामीलाई कायम राख्नुभएको छ । उहाँले हामीलाई निरन्तर डोऱ्याउनुहुनेछ र उहाँको अनुग्रह सधैं पर्याप्त हुनेछ किनकि हामी उहाँका सन्तान हौं ।

उहाँले हामीलाई आफ्नो सन्तान भनी बोलाउनुहुन्छ भनेर बाइबलले हामीलाई बताउँछ । कस्तो अधिकार । तर महत्वपूर्ण प्रश्नचाहिँ यही हो, के उहाँको बोलावटप्रति हाम्रो जीवन योग्यको छ ? प्रेरित पावलले एफिसीलाई लेखेको पत्रमा उनले लेख्छन्, ... **तिमीहरूलाई आग्रहपूर्वक बिन्ती गर्दछु कि जुन बोलावटमा तिमीहरू बोलाइएका छौ, त्यही योग्यको जीवन यापन गर** (एफिसी ४:१) । यसको अर्थ के हो ? यही वाक्य मेरो मनमा केही दिनसम्म रहिरहेको थियो । उहाँको बोलावटको योग्यको जीवन जिउनुको साँचो अर्थ के हो ? हामीलाई वास्तवमा के गर्न बोलावट दिइएको छ ? यस कुरामा धेरै पक्षहरू भए पनि हामीले आज एउटै कुरामा मात्रै केन्द्रित गरौं ।

**मेलमेलाप गराउनेहरू: परमेश्वरका सन्तान**

हामीले मत्ती ५:९ मा मनन गरौं, **धन्य मेलमेलाप गराउनेहरू किनभने तिनीहरू परमेश्वरका छोराहरू कहलाइनेछन् ।** प्रिय दाजुभाइ तथा दिदीबहिनी, परमेश्वरको बोलाइएको सन्तान हुन

बाँकी पृष्ठ ३ मा


बोलावटको प्रतिध्वनि- यूट्यूब च्यानल



## यूट्यूब ख्रीष्टियान च्यानल

तपाईंले पा. एस. साम सेल्भाराजसँग प्रार्थना गर्ने अवसर पाउनुहुनेछ ।

**५ मिनेटको सन्देश**

**अंग्रेजी र हिन्दी, तामिल र तेलगू**

**हरेक दिन: बिहान २ बजे देखि**

**तामिल आइतवार सेवा: बिहान ८:३० बजे**

**★ Please Subscribe and Share ★**

# बोलावटको प्रतिध्वनि सन् १९६९-२०१९ स्वर्णजयन्ती वर्ष




## तपाईंको प्रिय भाइबाट....

REACHING NATIONS



**हाम्रो मिसन नीति**

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।


**HON. EDITOR-IN-CHIEF**

Rev. Angeline S. Kumari, M.A., M.Sc., M.Ed.

**HON. MANAGING EDITOR**

Pastor Alex Samson Sam, B.Th., M.Div.

**GENERAL MANAGER**

Bro. N. Prakasam, M.A., M.Sc.(C&P), PGDHRM., MBA.

**ADMINISTRATION**

Sis. Jesy Veena Sam
Adv. K. Puratchivendan, M.Com., C.A., B.L.
Dr. P.E.R. Premchand, M.Sc., M.A., M.Ed., Ph.D.
Dr. C.G.S. Baburao, B.Tech., M.Tech. (DM), Ph.D.
Dr. Rabinder Boaz, M.S. (CMC)

**EDITORIAL BOARD**

Dr. Serena Bevin, M.A., M.Phil., B.Ed.
Sis. Sajini Cherian
Rev. Dr. K.R. Rajasekaran
Rev. Dr. William Robert, Ph.D., DD, D.Lit.



**EDITOR, PUBLISHER & PRINTER**

Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 98412 71858
95661 31858

**E.MAIL**

sam@echoofhiscall.org
biblecor@yahoo.co.in

**WEBSITES**

www.echoofhiscall.org
www.stpaulsmatriculation.com

**YOUTUBE CHANNEL**

Echo of His Call


**कसैलाई बुद्धिको अभाव छ भने उदार चित्तसँग नझर्की दिनुहुने परमेश्वरसँग त्यसले मागोस् (याकूब १:५) ।**

ख्रीष्टमा परमेश्वरका प्रिय बालकहरू,

तपाईंको असल जीवन अझ प्रशस्त रूपमा समृद्ध होस् भनेर परमेश्वरको मण्डलीबाट हामी तपाईंलाई अभिवादन गर्दछौं ।

**बोलावटको प्रतिध्वनि** सेवकाइहरूका हाम्रा सहकर्मीहरूका निम्ति हामी परमप्रभुप्रति अत्यन्तै धन्यवादी छौं । बाधाहरू, रोग र आर्थिक समस्याका कुराहरू केही क्षेत्रहरूमा हाम्रो निम्ति उपयुक्त भएनन् । परमेश्वरले हामीलाई बचाइरहनुभएको र निर्देशित गरिरहनुभएको छ, जसरी प्रेरित पावलले भने, **कुनै पनि जीवनको नोक्सानी भएन तर जहाज मात्रै** (प्रेरित २७:२२) ।

हाम्रा सेवकहरू बिरामी परेको कारण हामीले केही स्थानीय यात्राहरू गर्न असमर्थ भएका थियौं । तापनि, परमेश्वरले हामीलाई उचाल्नुभएको छ, पवित्रशास्त्रअनुसार, **धर्मी मानिस सातै पटक लड्यो भने पनि फेरि उठ्छ...** (हितोपदेश २४:१६) । त्यसकारण, नोभेम्बरको महिना आशिष्ले भरिएको हुनेछ भनेर हामी अत्यन्तै आशावादी छौं ।

हाम्रा सहकर्मीहरू, बहिनी सेरिना बेभिन, सजिनी चेरियन, रेभ. डा. के.आर. राजासेकरण, रेभ.डा. विलियम रोबर्ट म्याकक्वीललन, १६ वटा भाषाका सम्पूर्ण सहसम्पादकहरू, १६ भाषाका सहयोगीहरू, १६ भाषाहरूका संयोजकहरू, कार्यालय कर्मचारी, सहयोगीहरू र हाम्रा छापाखानाका कर्मचारीहरूका निम्ति हामी तपाईंको प्रार्थनाको चाहना गर्दछौं, जसले हरेक महिना **बोलावटको प्रतिध्वनि** समाचारपत्र संचालन गर्न सहायता गरिरहनुभएको छ । यी मानिसहरूको सुस्वास्थ्यको कारण हामीले नियमति पत्रिका प्रकाशन गर्न सकेका छौं ।

आर्थिक समस्याको कारणले गर्दा हामीले २०२५ को क्यालेन्डर उत्पादन गर्न र तपाईंलाई पठाउन हामी असमर्थ भएका छौं । यस कुराको निम्ति हामी मनैदेखि क्षमाप्रार्थी छौं ।

हाम्रा मण्डलीहरू, **नहेम्याह बाइबल कलेजहरू, सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल,** छापादाना, मिडिया सेवकाइ (यूट्यूब) र कार्यालयमा सेवा गरिरहेका परमेश्वरका छोराछोरीलाई तपाईंको अमूल्य प्रार्थनामा सम्झिदिनुहोला ।

विशेष गरी हाम्रो सेवकाइ आर्थिक समस्याबाट गुज्रिरहेको छ र हाम्रा आवश्यकता पूरा गर्न व्यवस्थापन गर्न हामी असक्षम भएका छौं भनेर हामी तपाईंलाई जानकारी गराउन चाहन्छौं । कृपया हाम्रो निम्ति प्रार्थना गरिदिनुहोला ।

हाम्रा प्रार्थनाका साझेदारहरू र **बोलावटको प्रतिध्वनि सेवकाइहरूका** ग्राहकवर्गहरूलाई हामी अभिवादन गर्दछौं । तपाईं सबैलाई परमेश्वरले प्रशस्त आशिष् देऊन् ।

ख्रीष्ट येशूमा तपाईंका सेवकहरु,

*पा. एलेक्स सामसन साम*

*पा. एस. साम सेल्भाराज*

(+91) 98412 71858 / 98410 71858, E.mail : sam@echoofhiscall.org

Our Ministries: ECHO OF HIS CALL Monthly Magazines (16 languages) BIBLECOR - Postal Courses (3 languages) YouTube Ministry Online Courses Theological Correspondence Courses (2 languages) Church Planting Nehemiah Bible Colleges Gospel Printing Press Great Commission Partners St. Paul's Matriculation School Crusades Community Development

## विनम्र अनुरोध: बोलावटको प्रतिध्वनिका पाठकहरूलाई

हाम्रो ५ मिनेट बोलावटको प्रतिध्वनि यूट्यूब सन्देशहरू (हरेक दिन) तामिल, तेलगू, अंग्रेजी र हिन्दी भाषामा बिहान २ बजेदेखि प्रशारण भइरहेका छन्। सन्देशहरू हेरेर तपाईंले परमेश्वरको अनुग्रह प्राप्त गर्न सक्नुहुन्छ।

साथै, तपाईंको मोवाइल फोनहरूमा मेरो मोवाइल नम्बरहरू (९१) ९८४१० ७१८५८, (९१) ९८४१२ ७१८५८ (व्यक्तिगत) सेभ गर्नुहोस्।

**पा. एस. साम सेल्भाराज**

*पृष्ठ १ बाट*

र हाम्रो बोलावटमा योग्यको जीवन जिउने चाहना हामीले गर्छौं भने हामी मेलमेलाप गराउनेहरू बन्नुपर्छ। परमेश्वरका सन्तानको मुख्य चरित्र यही हो । उहाँले हामीलाई मेलमेलाप गराउनेहरू बन्न बोलाउनुभएको छ, समस्या निम्त्याउने होइन ।

एफिसी ४:२ ले हामीलाई सिकाउँछ कि परमेश्वरको सन्तानको रूपमा **एकअर्काको बोझ उठाएर** मेलमेलाप गराउने बन्न बोलाइएको छ । यस्तो गर्नको निम्ति हामी नम्र, भद्र र धैर्यवान हुनुपर्छ। हाम्रो विश्वासमा भएका सँगी विश्वासीहरूसँग मात्रै यी चरित्रहरू अभ्यास गर्ने होइन तर दिनहुँ नराम्रा शब्दहरू र चोट पुऱ्याउने कार्यहरूका साथमा हाम्रो धैर्यतालाई जाँच गर्ने मानिसहरूसँग पनि अभ्यास गर्नु महत्वपूर्ण हुन्छ । साँचो रूपमा यो कठिन र चुनौतीपूर्ण हुन सक्छ। यसको बारेमा जिउनुभन्दा बोल्नचाहिँ अत्यन्तै सजिलो हुन्छ। तापनि, येशूलाई प्रेम गर्नेहरूबाट यो कुरा आशा गरिएको छ भनेर बाइबलले ठीक यही कुरा बताएको छ । हामी वचन पालन गर्ने हुनुपर्छ, सुन्ने मात्र होइन भनेर प्रेरित याकूबले जोड दिएका छन्।

## एकले अर्काको भार उठाउने

कलस्सी ३:१३ ले हामीलाई निर्देशन दिन्छ: **एउटाले अर्कालाई सहने गर, कुनै मानिसको विरुद्धमा केही दोषको कारण छ भने एक-अर्कालाई क्षमा गर्ने गर । जसरी प्रभुले तिमीहरूलाई क्षमा गर्नुभएको छ, त्यसरी तिमीहरूले पनि क्षमा गर्नुपर्छ ।**

एकले अर्कालाई सहनको लागि क्षमा आवश्यक हुन्छ । साँचो रूपमा क्षमा गर्न हामीलाई प्रेमको आवश्यक हुन्छ र परमेश्वरको प्रेमबिना हामीले कसैलाई पूर्णरूपमा क्षमा दिन वा बिर्सन सक्दैनौं। तपाईंले भन्न सक्नुहुन्छ, यो गाह्रो छ, म यो गर्नै सक्दिनँ । म केवल भावनाको साथमा मानिस हुँ। यो मेरो निम्ति असम्भव छ । तर यसैकारण हामीलाई परमेश्वरको सहायताको आवश्यक हुन्छ- प्रेम गर्न र क्षमा गर्न। एकले अर्काको भार उठाउने कुरा केवल सल्लाह वा विकल्प होइनन, यो आज्ञा हो। गलाती ६:२ ले भन्दछ, **एकले अर्काको भार उठाओ र यसरी नै खीष्टको व्यवस्था पूरा गर ।**

खीष्टको व्यवस्था पूरा गर्न हामीले एक अर्काको भार बोक्न सहायता गर्नुपर्छ। हरेक व्यक्तिले कठिनाइहरूको सामना गर्छ: चुनौतीहरू, अत्यासलाग्दो अवस्थाहरू, आर्थिक संघर्षहरू, पापसँग संघर्ष र दुवै शारीरिक र आत्मिक परीक्षाहरू । तापनि हामीले यी भारहरू एक्लै बोक्नको निम्ति होइन, त्यसकारण परमेश्वरले हामीलाई मण्डली परिवार दिनुभएको छ। हामी खीष्टमा एउटै शरीर हौं र जब शरीरको एउटा भागले कष्ट भोग्छ, सम्पूर्ण शरीर प्रभावित हुन्छ ।

## क्रूसको संकेत

हामीले प्राय: परमेश्वरसँग हाम्रो सम्बन्धलाई जोड दिएर परमेश्वरसँग शान्ति कायम गर्न केन्द्रित हुन्छौं। तापनि, क्रूसको चिन्हमा दुई वटा रेखा रहेका छन्: ठाडो रेखाले परमेश्वरसँग हाम्रो सम्बन्धलाई प्रतिनिधित्व गर्दछ भने तेर्सो रेखाले अरू मानिसहरूसँग हाम्रो सम्बन्धलाई प्रतिनिधित्व गर्दछ।

येशूको दुई सबैभन्दा महत्वपूर्ण आज्ञाहरू यही तरिकामा निष्कर्ष निकाल्न सकिन्छ । पहिलो, **तैले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले र आफ्नो सारा प्राणले र आफ्नो सारा समझले प्रेम गर्नू** (मत्ती २२:३७) ले परमेश्वरसँग हाम्रो सम्बन्धको बारेमा बताउँछ (ठाडो रेखा) । दोस्रो, मत्ती २२:३४-४०, ... **आफ्नो छिमेकीलाई आफैंलाई झैं प्रेम गर्नू** (मत्ती २२:३९) ले अरूसँग हाम्रो सम्बन्धलाई सम्बोधन गर्दछ (तेर्सो रेखा) ।

हामीमध्ये धेरैले परमेश्वरसँग हाम्रो सम्बन्धसँग सन्तुष्ट महसुस गर्छन्। आत्माको वरदानमा ठूलो जोड दिएर हामीले परमप्रभुलाई प्रेम गर्छौं, उहाँको वचन दिनहुँ पढ्छौं, प्रार्थना गर्छौं, उपवास बस्छौं, मण्डलीमा सहभागी हुन्छौं र सेवकाइमा संलग्न हुन्छौं। १ कोरिन्थी १२:८-१० मा पावलले लेख्छन्, **कसैलाई पवित्र आत्माद्वारा बुद्धिका कुरा बोल्ने, कसैलाई उनै पवित्र आत्माअनुसार ज्ञानका कुरा बोल्ने, कसैलाई उनै पवित्र आत्माद्वारा विश्वास गर्ने, कसैलाई उनी एक पवित्र आत्माद्वारा रोग निको पार्ने वरदानहरू दिइएका छन्, कसैलाई आश्चर्य कामहरू गर्ने, कसैलाई अगमवाणी बोल्ने, कसैलाई आत्माहरू छुट्ट्याउन सक्ने, सकैलाई भिन्न-भिन्न किसिमका भाषाहरू बोल्ने, कसैलाई चाहिँ ती भाषाहरूको अर्थ खोलिदिने ।**

तापनि, पवित्र आत्माका फलको बारेमा चाहिँ के त ? गलाती ५:२२,२३ ले हामीलाई सम्झना दिलाउँछ, **तर पवित्र आत्माका फलचाहिँ प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वास्तता, नम्रता, संयम... हुन्** । मानिसहरू आफ्नो सेवकाइ र परमेश्वरसँगको व्यक्तिगत सम्बन्धमा यति धेरै केन्द्रित हुन्छन् कि तिनीहरूले आफ्ना परिवार र छिमेकीलाई बेवास्ता गरेको मैले प्राय: याद गरेको छु। दुवै सम्बन्धहरू समान रूपमा महत्वपूर्ण छन् भनेर बाइबलले हामीलाई बताउँदछ ।

## मण्डलीको जिम्मेवारी

तपाईं र मलाई पनि समावेश गर्ने मण्डलीले हाम्रा सहविश्वासीहरूलाई वास्ता गर्न र भार साझा गर्न मुख्य जिम्मेवारी बोकेको छ। जब शरीरको एउटा सदस्य अस्वस्थ हुन्छ, त्यसले हामी सबैलाई प्रभाव पार्छ । अरूको वास्ता गर्नु भनेको केवल दयाको कार्य मात्रै होइन,

त्यसका व्यक्तिगत सरोकार पनि समावेश हुन्छ । जब हाम्रा वरिपरि भएकाहरू स्वस्थ हुन्छन्, हामीले लाभ पाउँछौं र जब हामी स्वस्थ हुन्छौं, सम्पूर्ण रूपमा मण्डली बलियो हुन्छ । विपरीत रूपमा, जब मण्डलीसहित हाम्रो नजिक भएकाहरू कष्टमा पर्छन्, सबै जनालाई प्रभाव पार्छ ।

गलाती ६:२ ले बताउँछ, **एउटाले अर्काको भार उठाओ र यसरी ख्रीष्टको व्यवस्था पूरा गर ।** यो आज्ञा स्पष्ट छ- यो विकल्प होइन तर परमेश्वरको परिवारका हरेक सदस्यको निम्ति प्रत्यक्ष निर्देशन हो । यसलाई गरेर मात्रै हामी परमेश्वरको सन्तानको रूपमा हाम्रो बोलावटमा जिउन सक्छौं । अन्य मानिसहरूले कसरी एक अर्काको भार उठाएका थिए भन्ने उदाहरणहरू हेर्न हामीले अब पवित्रशास्त्रमा फर्कौं ।

## दाऊद र जोनाथन

निःस्वार्थ प्रेम र मित्रताको अचम्मको उदाहरण दाऊद र जोनाथन बीचको बन्धन हो । आफ्नो एकाधिकार भएको राजाको रूपमा एक दिन दाऊदले आफ्नो स्थान लिनेछन् भनेर जानेर पनि जोनाथनले दाऊदलाई हृदयदेखि नै प्रेम गरे । दाऊदप्रति तिनको वफादारीता यति महान् थियो कि तिनी आफ्नै बुबा राजा शाऊलको विरुद्धमा खडा भए ।

१ शमूएल २३ अध्यायले शक्तिशाली क्षणको अभिलेख गरेको छः दाऊद जीपको उजाडस्थानमा लुकिरहेका थिए, तिनलाई मार्न भनेर निश्चित भएका शाऊलले निरन्तर खेदिरहेका थिए । तापनि, बाइबलले हामीलाई बताउँछ, ... **तर परमेश्वरले दाऊदलाई तिनको हातमा सुम्पनुभएन** (१ शमूएल २३:१४) । परमेश्वरले दाऊदलाई बचाइरहनुभएको थियो ।

प्रिय मित्रहरू, कस्तो सान्त्वना दिने सत्यता । परमेश्वरले दाऊदलाई बचाउनुभएको थियो भने उहाँले हामीलाई पनि हाम्रा शत्रुहरूबाट बचाउनुहुनेछ, जसले हामी पतन भएको हेर्न चाहन्छन् । कति समयमा हामीलाई निरन्तर आक्रमण गरिएको छ भनेर हामीले महसुस गर्न सक्छौं तर हामीलो याद गर्नुपर्छ कि परमेश्वरले हामीलाई हाम्रा शत्रुको हातमा छोड्नुहुनेछैन । जब हाम्रा मार्गहरू परमप्रभुलाई प्रसन्न पार्ने हुन्छ, उहाँले शत्रुहरूका कार्यहरू हाम्रो भलाइको निम्ति परिणत गर्नुहुनेछ । शत्रु नजिक हुन सक्छ भर परमेश्वरको हातमा नियन्त्रण छ । उहाँले हामीलाई तिनीहरूको हातमा पर्न कहिल्यै अनुमति दिनुहुनेछैन ।

त्यो समयमा दाऊद भयमा जिइरहेका थिए किनकि शाऊलले तिनलाई खोजिरहेका थिए भनेर तिनलाई थाहा थियो । तिनले आफू एक्लो भएको, निरास र चिन्तित भएको, आफ्नो परिवार, आफ्ना पत्नीहरू, आफ्नो साथीहरू र आफ्नो घरको आरामदायी कुराहरूबाट अलग भएर उजाडस्थानमा लुक्न आएको महसुस गरेको हुनुपर्छ । एक्लोपना भयानक शत्रु हुन सक्छ, जसले नकारात्मक विचारले जरा गाड्न र हुर्कन अनुमति दिन्छ । तापनि, आफ्नो अन्धकारमय समयमा पनि परमेश्वर दाऊदसँग हुनुहुन्थ्यो र उहाँ हामीसँग पनि हुनुहुन्छ ।

जब दाऊद शारीरिक, मानसिक र आत्मिक रूपमा थकित थिए, तिनले उजाडस्थानमा अनपेक्षित पाहुना भेटेः **तब शाऊलका छोरा जोनाथन त्यहाँ तिनीकहाँ आए र तिनलाई परमेश्वरमा बल पाउन उत्साह दिए** (१ शमूएल २३:१६) । यो पदको अन्य अनुवाद पनि जाँच गरौं:

एनआइभी: **परमेश्वरमा सामर्थ्य पाउन तिनलाई सहायता गरे ।**

एनएलटी: **परमेश्वरमा तिनको विश्वासमा बलियो गरी रहे ।**

केजेभी: **परमेश्वरमा तिनको हात बलियो बनाए ।**

एम्प्लिफाइड: **परमेश्वरमा तिनलाई उत्साह दिए ।**

छोटकरीमा, जोनाथन आफ्नो प्रिय मित्रलाई भेट्न र तिनको आत्मालाई उत्साह दिन उजाडस्थानमा भेट्न गए । तिनले दाऊदको कमजारीमा तिनलाई बल दिए र उत्साहको वचन बताए । जोनाथनले दाऊदलाई भावनात्मक रूपमा मात्रै सहायता गरेनन् तर दाऊद आत्मिक रूपमा सुख्खा भएको समयमा परमेश्वरमा बल प्राप्त गर्न तिनलाई सहायता पनि गरे । जोनाथनको वचनले दाऊदमा ठूलो प्रभाव पारेको थियो । १ शमूएल २३:१७ मा जोनाथले भने:

**नडराउनुहोस्, मेरा बुबा शाऊलको हातले तपाईंलाई छुनेछैन । तपाईं इस्राएलका राजा हुनुहुनेछ र मचाहिँ तपाईंको मुनि दोस्रो दर्जामा हुनेछु । मेरा बुबा शाऊललाई पनि यो कुरा थाहा छ ।**

....Contd. to page 6

NEHEMIAH RESIDENTIAL BIBLE COLLEGE Velachery Chennai.
ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE REACHING NATIONS
Sponsorship Available
Rush for Admission!
Diploma in Theology
Medium : Hindi (Residential)
Qualification : 10th Standard & above
Recognised by International Christian Leaders & Senior Pastors for the past 55 years
Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org
✶ ONLINE CLASSES ARE AVAILABLE ✶

GREAT COMMISSION PARTNERS
ECHO OF HIS CALL MINISTRIES
SINCE 1969

# महान् आज्ञा सहयोगीहरु

बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

PRAISE & PRAYER POINTS - From November 19 To December 18, 2024

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)



## ✝ परमेश्वरलाई प्रशंसा गरौं...

नोभेम्वर १९: **हाम्रो नहेम्याह बाइबल कलेजमा** २०२४-२०२५ को पहिलो सेमेस्टर सफलतापूर्वक पूरा गर्न र दोस्रो सेमेस्टर सुरु गर्न हामीलाई सहायता गर्नुभयो ।

नोभेम्वर २०: हाम्रो छापाखाना प्रयोग गर्दै १६ वटा भाषामा हाम्रो समाचारपत्र प्रकाशन गर्न र छाप्न र मिसन क्षेत्रमा ती वितरण गर्न सहायता गर्नुभएको निम्ति ।

नोभेम्वर २१: हाम्रो **बाइबलकोर** र ईश्वरशास्त्रीय कोर्सहरूमा उहाँको आशिष्को निम्ति ।

नोभेम्वर २२: हाम्रो दुवै मुख्य मण्डली र शाखा मण्डलीहरूको आइतवारको सेवामा सुसमाचार नसुनेका जातिहरूका बीचमा सुसमाचार फैलाएको निम्ति ।

नोभेम्वर २३: बहुसंख्यक सेवकाइहरूबाट सुसमाचार फैलाउने हाम्रो सिनियर पास्टरको अविरल समर्पणताको निम्ति ।

नोभेम्वर २४: हाम्रो **बोलावटको प्रतिध्वनि** समाचारपत्र सेवकाइलाई सहायता गर्ने समर्पित सहसम्पादकहरू पाएर हामी आशिषित छौं ।

नोभेम्वर २५: हाम्रा प्रार्थनाका साझेदारहरू, ग्राहकवर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू, महान् आज्ञाका साझेदारहरू र उहाँहरूका परिवाररूप्रति परमेश्वरले फैलाउनुभएको कृपाको निम्ति ।

नोभेम्वर २६: हाम्रो सेवकाइमा हाम्रा नियमित सहयोगीहरू र उहाँका सक्रिय संलग्नताको निम्ति ।

नोभेम्वर २७: हाम्रा बालसंगतिका समर्पित शिक्षकहरूका निम्ति ।

नोभम्वर २८: हाम्रो यूट्यूब सेवकाइका प्रमुख भाइ एड्वार्ड दुराइको निम्ति ।

नोभेम्वर २९: हाम्रो यूट्यूब मिडिया सेवकाइबाट सुसमाचार नपुगेको क्षेत्रमा सुसमाचार फैलाउनमा प्रभुले हामीलाई सहायता गर्नुभएको निम्ति ।

नोभेम्वर ३०: हाम्रो मुख्य मण्डली र शाखा मण्डलीहरूमा बालसंगतिको निम्ति धेरै बालबालिका दिएर हामीलाई आशिषित बनाउनुभएको निम्ति ।

डिसेम्वर १: हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल र नहेम्याह बाइबल कलेजहरूका** विद्यार्थीहरू र शिक्षकहरूका निम्ति ईश्वरीय सुरक्षाको साथमा हामीलाई आशिषित पार्नुभएको निम्ति ।

डिसेम्वर २: हाम्रा शुभचिन्तकहरू, मित्रहरू र फिल्डका सहयोगीहरूका निम्ति ।

डिसेम्वर ३: **बोलावटको प्रतिध्वनि सेवकाइहरूका** सम्पूर्ण क्रियाकलापहरूमाथि प्रभुको अगुवाइ र आशिष्को निम्ति ।

## ✝ कृपया प्रार्थना गरौं...

डिसेम्वर ४: हाम्रा सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँका परिवारका सदस्यहरूलाई सम्पूर्ण प्रकारका दुष्ट शक्तिहरूबाट सुरक्षाको निम्ति ।

डिसेम्वर ५: हाम्रो सिनियर पास्टरको जीवनी लेख्नमा सफलताको निम्ति ।

डिसेम्वर ६: संसारभरि रहेका पास्टरहरू, मिसनरीहरू र ख्रीष्टियान संस्थाहरूका निम्ति ईश्वरीय सुरक्षाको निम्ति ।

डिसेम्वर ७: हाम्रो समाचारपत्रको परिषदका सदस्यहरूका निम्ति ।

डिसेम्वर ८: हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल र नहेम्याह बाइबल कलेजका** कर्मचारी सदस्यहरू र विद्यार्थीहरूका निम्ति ।

डिसेम्वर ९: संसारभरि भएका वयस्कहरू र युवाहरूका बीचमा भएको आत्महत्याको आत्मा हटेको होस् ।

डिसेम्वर १०: विश्वभरि साइक्लोनहरू र भूकम्पजस्ता प्राकृतिक विपत्तिहरू रोकथामको निम्ति ।

डिसेम्वर ११: हाम्रो मण्डलीको परिषदका सदस्यहरूका निम्ति ।

डिसेम्वर १२: हाम्रो स्कुलको परिषदका सदस्यहरूका निम्ति ।

डिसेम्वर १३: विश्वव्यापी नयाँ संक्रामक रोगहरूका विरुद्ध ईश्वरीय सुरक्षाको निम्ति ।

डिसेम्वर १४: संसारभरि रहेका सम्पूर्ण ख्रीष्टियान सेवकाइरूमा महान् जागृतिको निम्ति ।

डिसेम्वर १५: विश्वभरि लडाइँ र आतंकवादले प्रभावित भएका क्षेत्रहरू शान्ति र समृद्धिमा फर्किएका होऊन् ।

डिसेम्वर १६: हाम्रो बाइबल कलेजको परिषदका सदस्यहरूका निम्ति ।

डिसेम्वर १७: झुटा शिक्षा र झुटा आश्चर्यकर्म पछ्याउनबाट विश्वासीहरूलाई ईश्वरीय सुरक्षाको निम्ति ।

डिसेम्वर १८: हाम्रो अस्पताल सेवकाइको निम्ति ।

*पृष्ठ ४ बाट*

दाऊदको जीवनको निम्ति परमेश्वरको योजनालाई जोनाथनले तिनलाई पुन:र्निश्चित बनाएका थिए। आफ्नो बुबाको गल्तीहरूलाई स्वीकार गर्न जोनाथनको निम्ति कति कठिन भएको थियो भनेर कल्पना गर्नुहोस्। शाऊल शक्तिशाली राजा भएका हुन सक्छन् तर तिनले जतिसुकै प्रयास गरे पनि तिनले परमेश्वरको योजनालाई रोक्न सक्दैनथे। परमेश्वरको प्रतिज्ञाको पूर्णतालाई पहिचान गर्दै दाऊद राजा बन्नेछन् र तिनको शासनको अधीनमा तिनको सेवा गर्ने चाहना जोनाथनले अभिव्यक्ति गरेर तिनले स्वीकार गरे। परमेश्वरको उद्देश्यको विरुद्धमा मानिसको योजना, नरकको योजना खडा हुन सक्दैन। यर्मिया २९:११ मा भनिएझैं हाम्रो निम्ति परमेश्वरले योजना राख्नुभएको छ: **हामीलाई आशा र भविष्य दिने योजना।**

जोनाथन दाऊदलाई उत्साह दिन आफ्नो मार्गबाट बाहिर गएको कुराले हामीलाई याद दिलाउँछ कि जब हामीले अरूलाई उत्साह दिन्छौं, तिनीहरूले परमप्रभुमा बल पाउँछन्। अन्तिम पटक कहिले तपाईंले कसैलाई उत्साह दिन आफ्नो मार्गबाट बाहिर जानुभएको थियो? प्राय: हामीले आफ्नो निम्ति उत्साहको खोजी गर्छौं तर जब अरूलाई आवश्यक भएको समयमा उनीहरूका निम्ति समय लिन्छौं र तिनीहरूकहाँ जाने प्रयास गर्छौं? आजको व्यस्त संसारमा अरूका आवश्यकताहरूलाई नजरअन्दाज गर्न सजिलो छ। कहिलेकाहीं हामीले पर्याप्त मात्रामा पैसा पठाउने बारेमा सोच्छौं र जबकि आर्थिक सहायता महत्वपूर्ण छ तर शारीरिक र भावनात्मक रूपमा त्यहाँ हुनु समान रूपमा महत्वपूर्ण छ।

## बर्जिल्लै

बाइबलमा भएका अर्को उत्साहजनक चरित्र बर्जिल्लै हुन्, जसले प्रदर्शन गरे कि उमेर केवल संख्या हो। २ शमूएल १९:३२ मा यसरी लेखिएको छ:

**बर्जिल्लै चाहिँ असी वर्षका साह्रै वृद्ध मानिस थिए। राजा महनोममा बस्दा तिनले नै राजालाई खानेकुरा जुटाइदिएका थिए किनभने तिनी खूबै धनाढ्य थिए।**

हामीले ८० वर्षका वृद्ध बर्जिल्लै नाम भएका मानिसको सामना गर्छौं। जब दाऊद आफ्ना मानिसहरूका साथमा उजाडस्थानमा आफ्नो छोरादेखि भागिरहेका थिए, तिनलाई खानेकुरा र अन्य स्रोतहरूको अत्यन्तै खाँचो थियो। धनी तथा वृद्ध बर्जिल्लैले दाऊद र तिनका समर्थकहरूलाई सहायता गर्ने प्रयास गरे। तिनले दाऊद र तिनका मानिसहरूको भार बाँड्न तिनीहरू महनोममा रहेसम्म खानेकुरा प्रदान गरे।

दयाको कार्य गर्नको निम्ति लिंग, वंश वा उमेरले सिमित गर्दैन भनेर यो कथाले प्रदर्शन गर्दछ- अरूको भार बोक्न जोकोहीले पनि सहायता गर्न सक्छ। सबैभन्दा आवश्यक कुराचाहिँ चाहना र करुणामयी हृदय हो। जब दाऊदले तिनको दयालाई इनाम दिन राज्यमा आफूसँगै बर्जिल्लैलाई फिर्ता ल्याउने प्रस्ताव गरे, बर्जिल्लैले पछाडि नै रहन छनोट गर्दै नम्रतापूर्वक इन्कार गरे। यस कुराले तिनको प्रेम र वास्ता स्वार्थरहित चाहनाले गरिएको थियो भनेर प्रदर्शन गर्छ, दाऊदको पीडा र संघर्षमा भार बोक्दै तिनको निम्ति त्यहाँ रहने मात्रै चाहना गरेका थिए।

## येशू

येशू ख्रीष्टको स्वार्थरहित प्रेमबाहेक अरू कुनै ठूलो प्रेमको उदाहरण छैन। उहाँले हामीलाई यति धेरै प्रेम गर्नुभयो कि उहाँले हाम्रा पापको निम्ति क्रूसमा मर्न स्वर्ग र सिंहासन छोड्ने चाहना गर्नुभयो। **मलाई महान् बनाउन तपाईं स्वयम् झुक्नुहुन्छ** (भजनसंग्रह १८:३५)। येशूले आफैंलाई नम्र बनाउनुभयो र श्राप बन्नुभयो ताकि हामीले आशिष् पाउन सकौं। उहाँले हाम्रा शर्म बोक्नुभयो ताकि हामीले आफ्नो शिर उठाएर हिँड्न सकौं। उहाँको बलिदानबाट हामीले सबैभन्दा ठूलो उपहार प्राप्त गरेका छौं: क्षमा र अनन्त जीवन। उहाँले प्रतिज्ञा गर्नुभएको छ, **म तिमीहरूलाई कहिल्यै छोड्ने छैनँ नता त्याग्नेछु** (हिब्रू १३:५)। परमप्रभुले घोषणा गर्नुहुन्छ, **त्यसले मलाई प्रेम गरेको हुनाले म त्यसलाई छुटाउनेछु। त्यसले मेरो नाउँ ग्रहण गरेको छ, यसकारण म त्यसको रक्षा गर्नेछु। त्यसले मेरो पुकारा गर्नेछ र म त्यसलाई उत्तर दिनेछु। त्यसका दु:खको घडीमा म त्यससँग हुनेछु, म त्यसलाई छुटकारा दिनेछु र आदर गर्नेछु** (भजनसंग्रह ९१:१४-१५)।

हाम्रो समस्याको समयमा हाम्रो पक्षमा अझ नजिक परमेश्वर हामीसँग हुनुहुनेछ भनेर उहाँले निश्चित गर्नुहुन्छ। मत्ती ११:२८-३० मा यसो

*....Contd. to page 9*

NEHEMIAH EVENING BIBLE COLLEGES,
Chepauk & Santhoshapuram, Chennai.
Sponsorship Available
Qualification : 10th Standard & above
Rush for Admission!
Diploma in Theology Medium :Tamil (Part time)
Recognised by International Christian Leaders & Senior Pastors for the past 55 years
Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

## MAIN CHURCH PROGRAMMES

1. Prayer Service : 24 hours
2. **ECHO OF HIS CALL** - Monthly Magazines :English, Tamil, Malayalam, Telugu, Hindi, Kannada, Marathi, Gujarati, Bengali, Odiya, Nepali, Assamese, Punjabi, Urdu, Sinhala & Afrikan.
3. **BIBLECOR** - Basic Bible Courses (English, Tamil & Hindi)
4. Theological Correspondence Courses: English & Tamil
5. Nehemiah Bible Colleges (Chepauk, Santhoshapuram & Velachery)
6. Great Commission Partners (Network of Pastors)
7. Training Programmes – Seminars & Retreats
8. Crusades
9. Literature Distribution and Follow Up
10. Gospel Printing Press - Publications
11. St. Paul's Matriculation School - Village English High School
12. Sunday Schools (Chepauk) : 10.30 a.m. Sunday & (Velachery, Balaji Nagar & Santhoshapuram) 3.00 p.m. Sunday
13. **Early Morning Service : 5.30 a.m. Sunday**
14. **Preliminy Service : 8.00 a.m. Sunday**
15. **Tamil Service : 8.30 a.m. Sunday**
16. **Youth Meeting : 11.00 a.m. Sunday**
17. **Fellowship Lunch : 1.00 p.m. Sunday**
18. **Hindi Service : 4.00 p.m. Sunday**
19. **Telugu Service : 5.00 p.m. Sunday**
20. **English & Hindi Service : 6.00 p.m. Sunday**
21. Feedback Time : 7.30 p.m. Sunday
22. Women's Prayer : 5.30 p.m. Wednesday
23. Men's Prayer : 7.00 p.m. Friday
24. Discipleship Meeting : 6.00 p.m. Saturday
25. House Meetings : 6.30 p.m. Tuesday & Thursday
26. Special Holy Communion : 6.00 a.m. 1st day of each month
27. Ministers' Meeting : 6.00 p.m. First Saturday
28. Parents' Prayer : 4.00 p.m. First Sunday
29. Night Prayer : 9.30 p.m. Third Friday
30. Fasting Prayer : 9:30 a.m. Second Saturday
31. Holy Communion : Second Sunday Services
32. Youth / Kid Prayer : 10.00 p.m. daily (over phone)
33. Staff Devotion : 9.00 a.m. daily
34. Office : 9.00 a.m. to 9.00 p.m. (except Sundays)

## बोलावटको प्रतिध्वनि पत्राचार कोर्स भारतमा भएकाहरुलाई मात्र

### १. बाइबलकोर

बाइबलको आधारभूत सत्यतामा नयाँ ख्रीष्टियानहरू र गैह्रख्रीष्टियानहरूलाई अङ्ग्रेजी, हिन्दी र तामिल भाषामा हामीले पत्राचार कोर्स प्रस्तुत गर्छौं। तपाईंले **नयाँ जीवन – तपाईंको लागि** भन्ने शीर्षक भएको ७० पृष्ठको कोर्सको किताब पाउनुहुनेछ। तपाईंले यो कोर्स पूरा गरेपछि तपाईंलाई प्रमाणपत्र दिइनेछ। **कुनै पनि अनिवार्य शुल्कहरू यसमा लाग्नेछैन।** यो कोर्स भारतमा हुनुभएको व्यक्तिको लागि मात्र हुनेछ।

### २. ईश्वरशास्त्रीय पत्राचार कोर्स

पास्टरहरू, सुसमाचार प्रचारकहरू र ख्रीष्टियान अगुवाहरूका लागि ईश्वरशास्त्रीय पत्राचार कोर्स भनिने आधुनिक पत्राचार शिक्षा पनि उपलब्ध छ। यसको लागि शुल्क रु. १,०००/– लाग्नेछ। १४२ पाठहरू भएको ७ वटा पुस्तकहरू उपलब्ध गराइनेछ। तपाईंले **सेवकाइमा प्रमाणपत्र** पाउनुहुनेछ।

**बिस्तृत जानकारीको लागि:**

**The Chairman, Nehemiah Bible College,**
Echo of His Call, Post Box 2957
CHEPAUK, CHENNAI - 600 005.
Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766,
Cell : 98410 71852, 95661 31858
E.mail : biblecor@yahoo.co.in

## नि:शुल्क मासिक पत्रिका बोलावटको प्रतिध्वनि प्राप्त गर्ने राम्रो अवसर

तपाईले आफ्ना साथीहरु / आफन्तहरुका ठेगानाहरु हुलाक, पत्र, इमेल, ह्वाटसएप वा फोनबाट हामीलाई पठाउन सक्नुहुन्छ भने हामीले नि:शुल्क **बोलावटको प्रतिध्वनि** मासिक पत्रिका पठाउनेछौं।

## कर छुट

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरूमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ। यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ। कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरू/चेकहरू/मनी अर्डरहरू **Echo of his Call Educational Trust** को नाउँमा लेख्नु हुन र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला।

| | | |
|---|---|---|
| **Account Name** | : | **ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | : | **1023 2923 805** |
| **Bank Name** | : | **STATE BANK OF INDIA** |
| **Branch** | : | **TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | : | **SBIN 0000249** |
| **SWIFT Code** | : | **SBI NIN BB 455** |



# खाडलबाट दरबार

## (पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

"जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५)।

# कलम म्याटको पुरानो कथा

**बालकलाई ऊ हिँड्नुपर्ने बाटोमा तालिम देऊ र वृद्धावस्थासम्म ऊ त्यसबाट तर्किएर जाँदैन** (हितोपदेश २२:६)

गाउँको सरकारी स्कुलमा मेरो ५ कक्षा पूरा गरेपछि मलाई पदोन्नति गरिएको थियो र हाई स्कुलमा भर्ना गरिएको थियो, जहाँ मलाई पहिलो पटक अंग्रेजी अक्षर पढाइएको थियो। स्कुलको पहिलो दिनमा, कक्षाको शिक्षकले सबै विद्यार्थीहरूलाई अर्को दिन **कलम र नोट बुक** ल्याउन निर्देशन दिनुभएको थियो । म घर पुग्नेबित्तिक्कै मैले यो आवश्यकताको बारेमा आफ्नी आमालाई बताएँ किनकि मेरो बुबा घरबाट बाहिर जानुभएको थियो। उहाँले नोट बुक किन्न सक्नुभयो तर मेरो निम्ति कलम किन्न सक्नुभएन। हाम्रो छिमेकी आफन्तहरूबाट यो आवश्यकता पूरा गर्न उहाँले नचाहनुभएको हुनाले उहाँले मलाई आफ्नो असक्षमताको बारेमा बताउनुभयो र मेरो प्रयोगको निम्ति कलम जुटाइदिनको लागि प्रभु येशू ख्रीष्टमा प्रार्थना गर्न भन्नुभयो ।

उहाँको आज्ञाकारीतामा मैले रातको समयमा घुँडा टेकें र मलाई कलम दिनको निम्ति परमेश्वरमा प्रार्थना गरें र सुतें। अर्को दिन बिहानसम्म परमेश्वरले मलाई कुनै कलम दिनुभएन । त्यसैले म कलमबिना नै स्कुल जानु परेको थियो। जब अन्य सबै विद्यार्थीहरूले आफ्नो प्रयोगको निम्ति कलमहरू ल्याएका थिए, शिक्षकको आज्ञा पालन गर्न असक्षम भएको विद्यार्थी म मात्रै थिएँ। त्यसैले, शिक्षक मसँग खुसी हुनुभएन। अर्को दिन कलमबिना स्कुलमा नआउनू भनेर उहाँले मलाई बताउनुभयो ।

म घरमा आएँ र शिक्षकको बेखुसीको बारेमा मेरो आमालाई बताएँ। उहाँ मतिर हेरेर केवल मुस्कुराउनुभयो र दोस्रो दिनमा पनि प्रभु येशू ख्रीष्टमा निरन्तर प्रार्थना गर्न भन्नुभयो र कलम बाटोमा रहेको थियो भनेर निश्चिन्त पार्नुभयो। मैले त्यस्तै गरें र केही पनि नभएको पाएँ। त्यसैले म फेरि रित्तो हात स्कुल जानु परेको थियो। जब शिक्षकले मलाई सोध्नुभयो, मेरी आमाले मलाई निर्देशित गरेझैं मैले प्रभु येशू ख्रीष्टमा प्रार्थना गरेको छु र कलम बाटोमा थियो भनेर मैले बताएँ । शिक्षक मसँग र मेरी आमाको स्वभावसँग रिसाउनुभयो। अर्को दिन कलमबिना स्कुनल नआउनू भनी उहाँले बताउनुभयो ।

ठूलो निरासाको साथमा मैले आफ्नी आमालाई यो खबर बताएँ। मेरो **कलमको निम्ति प्रार्थना** सुन्नुभएको निम्ति प्रभु येशू ख्रीष्टलाई धन्यवाद दिन उहाँले बताउनुभयो । मध्यरातसम्म मैले प्रभुलाई धन्यवाद दिन सुरु गरें। तर म कलमबिना गएँ भने स्कुलमा अर्को दिन मैले सामना गर्नुपर्ने कठिन समय र दण्डको बारेमा सोचेर म निदाउन सकिनँ ।



अचानक, मध्य रातमा कसैले ढोका ढक्ढक्याएको हामीले सुन्यौं । घरमा ठूलो पुरुष सदस्य नभएको थाहा पाएर केही चोरहरूले ढोका ढक्ढक्याएको हुन सक्छ भनेर मेरी आमाले बताउनुभयो र मलाई शान्त रहन र खाटमुनि लुक्न भन्नुभयो ।

त्यसपछि, मेरी आमाको नाम उल्लेख गर्दै झ्यालबाट बोलाइरहेको आवाज हामीले सुन्यौं। उहाँ अरू कोही नभएर मेरो काका सेल्भामानी हुनुहुन्थयो, जो हाम्रो घरदेखि ७० किलोमिटर टाढा पालायाम्कोट्टाइ भन्ने सहरमा पुलिस अधिकृत भएर काम गरिरहनुभएको थियो । हामीले खुसीसाथ ढोका खोल्यौं । उहाँले सदाझैं बिस्कुट, मिठाइ, लुगाजस्ता धेरै उपहारहरू मेरो निम्ति ल्याइदिनुभएको थियो । जब मैले एउटा विशेष उपहारको झोला खोलें, मैले त्यसभित्र एउटा बाकस भेटें। जब मैले त्यसलाई चासोको साथ खोलें, मैले अत्यन्तै महंगो कलमले भरिएको बाकस भेटें (नटराज कलम, जुन ती दिनहरूमा अत्यन्तै महंगो हुन्थ्यो)। त्यो बाकसमा २४ वटा कलमहरू थिए।

प्रभु येशू ख्रीष्टले मेरो प्रार्थना मात्रै सुन्नुभएको थिएन तर मेरा प्रार्थनाको जवाफ पनि दिनुभएको थियो भन्दै त्यो रात म उफ्रिएको थिएँ। आनन्दले भरिएर म त्यो पूरै रात सुत्न सकिनँ।

अर्को दिन बिहान म २४ वटा महंगो कलमको बाकसको साथमा खुसी साथ स्कुल गएँ, जबकि अन्य विद्यार्थीहरूले केवल एउटा मात्रै कलम किन्न सकेका थिए। शिक्षक कडा अनुहार लिएर मकहाँ आउनुभयो र के भएको थियो भनेर सोधपुछ गर्नुभयो। हिजो बाटोमा भएको कलम आज अचम्म तरिकाले मेरो हातमा परेको थियो भनेर मैले जवाफ दिएँ। उहाँले अत्यन्तै खुसी हुँदै मेरो ढाड थप्थपाउनुभयो र त्यो जीवित

परमेश्वर येशू खीष्ट हुनुहुन्थ्यो भनेर विद्यार्थीहरूका बीचमा घोषणा गर्नुभयो ।

प्रिय पाठकहरू, यो घटना म ७ वर्ष छँदाको हो तर त्यो अनुभव मेरो दिमागमा अझै ताजा छ । मलाई कलम उपलब्ध गराउनुहुने सोही परमेश्वर आज पनि जीवित हुनुहुन्छ । **उहाँ हिजो, आज र सधैंभरि समान हुनुहुन्छ** (हिब्रू १३:८) । त्यसैले, आज पनि मैले सानो म्याट आफैंसँग राखेको छु, जसलाई म **पेन्सिल म्याट** भन्दछु । **हरेक दिन बिहानै म पेन्सिल म्याटमा जान्छु र मेरो व्यस्त समय भए पनि दिनमा कम्तीमा तीन पटक प्रार्थना गर्ने कोसिस गर्छु र उही प्रभु येशू खीष्टमा मेरो आवश्यकता बताउँछु । अहिलेसम्म मैले उहाँबाट सियोदेखि केही मिनिबसहरू, ठूला भवनहरू, आदि यही पेन्सिल म्याटबाट प्राप्त गरेको छु । त्यसैले, म निष्कर्षमा आएको छु कि पवित्र बाइबल बोक्ने हातहरू र प्रार्थना गर्न घुँडा टेक्ने गोडाहरू अन्त्यमा असफल हुनेछैन ।**

त्यसैले, मेरो सेवकाइको ५५ वर्षको समयमा मैले कुनै पनि पैसा संकलन गर्ने परियोजना संचालन गरेको छैन वा पैसा संकलन गर्न वा हाम्रो बहुसंख्यक सेवकाइहरूका आवश्यकताको निम्ति सामाग्री संकलन गर्न व्यक्ति-व्यक्तिको ढोकामा गएको छैन । मेरा सबै आवश्यकताहरूका निम्ति मेरो पेन्सिल म्याटबाट मलाई जवाफ दिनुहुने मेरो परमेश्वरबाट मैले पैसा प्राप्त गर्छु ।

**जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा नै म सब कुरा गर्न सक्छु** ( फिलिप्पी ४:१३) ।

---

....Contd. from page 6

भन्दै येशूले आफूसँग हाम्रा भार बाँड्न निम्तो गर्नुहुन्छ:

**हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु । मेरो जुवा आफूमाथि लेओ र मसँग सिक किनभने म विनम्र र कोमल हृदयको छु अनि तिमीहरूले आफ्ना आत्मामा विश्राम पाउनेछौ किनकि मेरो जुवा सजिलो र मेरो भारी हलुको छ ।**

उहाँ तयार हुनुहुन्छ र हामी उहाँकहाँ आएको र हाम्रा वास्ता, पीडा, असफलता र भय उहाँको समक्ष राख्न उहाँले पर्खिरहनुभएको छ । के आज तपाईं उहाँकहाँ आउनुहुनेछ र तपाईंको भार उहाँसँग बाँड्नुहुन्छ ?

जसरी येशूले हाम्रो भार बोक्नुभएको छ र हाम्रो निम्ति प्रार्थना गर्न मण्डली परिवारको सहायता हामीसँग छ, हामीले पनि कसैको जीवनमा जोनाथन बन्ने तरिका पनि खोज्नुपर्छ ।

## १. अरूको निम्ति प्रार्थना गर्ने

प्रार्थना शक्तिशाली हतियार हो । हामीले एकले अर्काको निम्ति प्रार्थना गर्न सक्छौं । कोही व्यक्ति पापमा संघर्ष गरिरहेको छ भनेर उनीहरूलाई आलोचना गर्नुको साटो तिनीहरूका निम्ति प्रार्थना गर्नुहोस् र उनीहरूसँग कुराकानी गर्नुहोस् । उनीहरूसँगै हिँड्नुहोस् । तपाईं कसैसँग बेखुसी हुनुहुन्छ भने तिनीहरूका बारेमा अरूसँग कुराकानी गर्नुको साटो तिनीहरूका निम्ति इमानदारीतापूर्वक प्रार्थना गर्न सुरु गर्नुहोस् ।

## २. सुन्ने

कहिलेकाहीँ, मानिसहरूलाई सुन्ने कुनै व्यक्ति मात्रै आवश्यक हुन्छ । तिनीहरूले सल्लाह वा आफ्ना समस्यामा समाधान खोजिरहेका हुँदैनन्- केवल करुणमयी कान । न्याय नगरीकन सुन्ने । त्यो परिवारको सदस्य, साथी वा तपाईंलाई पीडा दिने कुनै व्यक्ति पनि हुन सक्छ । जब मानिसलाई यसको अत्याधिक आवश्यक हुन्छ, असल सुन्ने व्यक्ति बन्नुहोस् ।

## ३. आवश्यकताहरू पूरा गर्ने

विश्वास कार्यबाट प्रदर्शित हुनुपर्छ भनेर याकूबले हामीलाई सिकाउँछन् । प्रार्थना र सुन्ने कुरा मात्रै पर्याप्त हुँदैन, हामीले तिनीहरूका आवश्यकता पूरा गर्न सहायता गर्ने व्यावहारिक तरिकाहरू पनि खोजी गर्नुपर्छ । यसमा सधैं पैसा संलग्न हुँदैन- हामीले सहायता गर्न र अरूलाई डोऱ्याउन आफ्ना सीपहरू, विशेषज्ञता र ज्ञान प्रयोग गर्न सक्छौं ।

## ४. प्रविधि

उद्देश्यको निम्ति प्रविधि प्रयोग गर्नुहोस् । कठिन समयबाट गुज्रिरहेका कसैलाई उत्साहजनक सन्देश वा अडियो सन्देश पठाउनुहोस् । प्रार्थना वा उत्साहजनक सन्देश पठाउनुहोस्, तपाईं शारीरिक रूपमा उपस्थित हुन नसक्नुभए पनि तपाईंका शब्दहरूमा शक्तिशाली प्रभाव हुनेछ । संघर्ष गरिरहेकाहरूलाई उत्साह दिने र उचाल्ने साधारण सन्देश वा बाइबलको पद पठाउनुहोस् ।

## ५. मण्डलीको निम्ति वास्ता गर्ने

तपाईंको मण्डलीको हीतमा जाँच गर्ने बानी गर्नुहोस् । कोही मण्डलीमा नआएको तपाईंले थाहा गर्नुहुन्छ भने तिनीहरूलाई फोन गर्नुहोस् । सोध्नुहोस्, के म तपाईंको निम्ति प्रार्थना गर्न सक्छु ? मैले तपाईंलाई सहायता गर्न सक्ने केही कुरा छ कि ? हाम्रा दाजुभाइ र दिदीबहिनी परिवारका भाग हुन् भनेर थाहा दिएको निश्चित गर्नुहोस् ।

## ६. सेवा गर्ने

अन्तमा, जसरी येशूले गर्नुभयो, त्यसरी नै तपाईंले सक्ने कुनै पनि तरिकामा अरूलाई सेवा गर्न उपलब्ध हुनुहोस् । अरूलाई सेवा गर्ने अवसरहरू अनगिन्ती छन् तर परमेश्वरको छोराछोरीको रूपमा हाम्रो बोलावटमा हामी जिउन र एकले अर्काको भार बाँड्ने तरिकाहरू पत्ता लगाउनुचाहिँ मुख्य कुरा हो ।

WANTED

PRINCIPAL

for

CHRISTIAN MATRICULATION SCHOOL

at

Chennai.

We need well qualified, experienced, dedicated, hard working and mission oriented Christian.

Apply to :

E.mail: biblecor@yahoo.co.in

WhatsApp: (+91) 97908 05460

RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/24-26 WPP NO. TN/PMG(CCR)/WPP-220/24-26

## Echo of His Call

**YouTube**
*Please subscribe*

Kindly view and subscribe our **Echo of His Call YouTube Channel** when you get time. Thanks.

**- Editor**

## OUR BANK DETAILS:

### *1. Bank : State Bank of India*

Branch : **Triplicane, Chennai-5**
Name : **S. Sam Selva Raj**
A/C No. : **1023 2934 679**
IFSC : **SBIN 00 00 249**
SWIFT CODE : **SBI NIN BB 455**

### *2. Bank : ICICI Bank*

Branch : **Anna Salai, Chennai-6**
Name : **Echo of His Call**
A/C No. : **6038 0502 2319**
IFSC : **ICIC 000 6038**

### *3. Bank : State Bank of India*

**(This Account is for Tax Exemption for Indians only )**

Branch : **Triplicane, Chennai-5**
Name : **Echo of His Call Educational Trust**
A/C No. : **1023 2923 805**
IFSC : **SBIN 00 00 249**

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**
*****
**E.mail : sam@echoofhiscall.org**

# ECHO OF HIS CALL

Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.

Annual Subscription : Rs. 100/- Life Subscription : Rs. 2000/-

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :
**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.com

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

**RNI NO. TNNEP/2000/2841**
**Postal Regn. No. TN/CH/(C)/194/24-26**
**WPP NO. TN/PMG(CCR) / WPP- 220/24-26**
**Date of Publication: Third week of every month**
**Date of Posting : 15th & 16th of every month**
**Posted at "Egmore RMS / 1 Patrika Channel"**
**on 16th NOVEMBER 2024.**
**If un-delivered please return to:**
**ECHO OF HIS CALL (NEPALI)**
**P.O. Box No. 2957,**
**Chepauk, Chennai - 600 005, INDIA.**
**Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766**

***JESUS LOVES YOU!***

**To**

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by **S. Sam Selva Raj** at **Echo of His Call Printers,** New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**